**<u>प्रस्ताव एवं निर्णयहरुः</u>**

२०७९।०८०-१०।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा ।

२०७९।०८०-१०।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०७९।०८०-१०।०३ स्थापना दिवशको समिक्षा सम्बन्धमा ।

२०७९।०८०-१०।०४ आर्थिक बर्ष २०७८।०७९ को अन्तिम लेखापरीक्षण प्रतिवेदन तथा सम्परीक्षण सम्बन्धमा ।

२०७९।०८०-१०।०५ धरौटी फिर्ता सम्बन्धमा।(घाटको तथा विभिन्न ठेक्काहरुको)

२०७९।०८०-१०।०६ आव २०७८।०७९ का काम कारबाहीको लागी सामाजिक परीक्षण गर्ने सम्बन्धमा ।

२०७९।०८०-१०।०७ सार्वजनिक सुनुवाइको प्रतिवेदन तथा समिक्षा सम्बन्धमा ।

२०७९।०८०-१०।०८ विद्यालयहरु छनौट सम्बन्धमा ।

२०७९।०८०-१०।०९ आव २०८०।०८१ को बार्षिक बजेट तर्जुमा सम्बन्धमा ।

२०७९।०८०-१०।१० रूपा गाउँपालिकाको जग्गा बर्गिकरण सम्बन्धमा ।

२०७९।०८०-१०।११ रूपा गाउँपालिकाभित्र निर्माण सम्पन्न भएका घर कायम सम्बन्धमा ।

२०७९।०८०-१०।१२ गण्डकी प्रदेश सरकार समक्ष समपुरक र विशेष अनुदानका योजनाहरु पेश गर्ने सम्बन्धमा ।

२०७९।०८०-१०।१३ विविध सम्बन्धमा ।

**<u>निर्णयहरुः</u>**

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-१०।०१</u>**

प्रस्ताव नं २०७९।०८०-१०।०१ माथी छलफल गर्दा चालू योजनाहरुको कार्यान्वयन को अवस्था सहित वडागत रिपोर्टिङ्ग र चालू आर्थिक बर्षका निर्णयहरु कार्यान्वयको अबस्थाबारे समिक्षा गरी निर्णयहरुको पूर्णरूपमा कार्यान्वयनको लागि तत् तत् निकाय तथा पदाधिकारीहरुलाइ निर्देशन दिने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-१०।०२</u>**

प्रस्ताव नं २०७९।०८०-१०।०२ माथी छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउन टोलटोलमा डिजिटल सूचना पाटी सहित वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गर्ने, प्रत्येक वडामा छुट्टाछुट्टै प्राविधिक कर्मचारी खटाउने, सम्पन्न भएका योजनाको नियमित अनुगमन गराउने बिषयमा सबै वडा कार्यालयहरू तथा गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-१०।०३</u>**

प्रस्ताव नं २०७९।०८०-१०।०३ माथी छलफल गर्दा रूपा गाउँपालिकाको स्थापना दिवश भव्यताका साथ सम्पन्न भएकोमा सम्पुर्णमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७९।०८०-१०।०४**

प्रस्ताव नं २०७९।०८०-१०।०४ माथी छलफल गर्दा आर्थिक बर्ष २०७८।०७९ को अन्तिम लेखापरीक्षण प्रतिवेदन तथा सम्परीक्षण सम्बन्धमा लेखा समितिमा छलफल गराइ आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-१०।०५**

प्रस्ताव नं २०७९।०८०-१०।०५ माथी छलफल गर्दा नदिजन्य पदार्थ उत्खनन्नको बिषयमा गाउँपालिकाबाट स्विकृत भइसकेको ठेक्काको धरौटी तथा अघिल्लो आर्थिक बर्षको सोही प्रकृतिको धरौटीहरु फिर्ता गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-१०।०६**

प्रस्ताव नं २०७९।०८०-१०।०६ माथी छलफल गर्दा आर्थिक बर्ष २०७८।०७९ का काम कारबाही तथा चालू आर्थिक बर्षको गाउँपालिकाका गतिविधिहरुको विषयमा चालू आवको अन्तमा सामाजिक परीक्षण गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-१०।०७**

प्रस्ताव नं २०७९।०८०-१०।०७ माथी छलफल गर्दा चालू आवको सार्वजनिक सुनुवाइ सम्पन्न भइसकेको धन्यवाद ज्ञापन सहित प्रतिवेदन स्विकृत गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७९।०८०-१०।०८**

प्रस्ताव नं २०७९।०८०-१०।०८ माथी छलफल गर्दा चालू आवको लागी शसर्त अनुदान तर्फ विनियोजित बजेट कार्यान्वयनको लागी निम्नानुसारका विद्यालयहरु छनौट गर्ने निर्णय गरियोः

निम्नः

क) उत्कृष्ठ विद्यालय २ लाखः शिवालय मावी
ख) पुस्तकालय निर्माण ६ लाख ५० हजारः जनता मावी
ग) विज्ञान प्रयोगशाला ६ लाख ५० हजारः विश्वशान्ती मावी
घ) कार्यसम्पादनमा आधारित ५० हजारः माइमैदान आवि रिठुमाला आवि सरस्वती आवी रूपाज्योती मावि देउराली आवी

**कार्यपालिका निर्णय नं २०७९।०८०-१०।०९**

प्रस्ताव नं २०७९।०८०-१०।०९ माथी छलफल गर्दा आर्थिक बर्ष २०८०।०८१ को बार्षिक बजेट तर्जुमा सम्बन्धमा निम्नानुसारको निर्णयहरु गर्नेः

क) स्रोत अनुमान समिति लाइ स्रोत अनुमान सहितको सिलिङ्गको लागि जिम्मेवारी प्रदान गर्ने ।
ख) विषयगत समितिलाइ बैठक राख्न निर्देशन दिने ।

ग) आगामी बैठकमा कार्यतालिका सहित पेश गर्ने ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-१०।१०**

प्रस्ताव नं २०७९।०८०-१०।१० माथी छलफल गर्दा रूपा गाउँपालिकाको जग्गा बर्गिकरण सम्बन्धमा सातवटै वडाहरुमा सरोकारवालाहरुका विच निम्न मितिमा निम्नानुसारको वडाहरुमा छलफल गराउने गरी कार्यालयलाइ निर्देशन सहित र सो कार्यक्रममा गाउँपालिकाको तर्फबाट सहभागीहरुलाइ खाजाको प्रबन्ध गर्ने निर्णय गरियोः

निम्नः

वडा नं १ चैत्र १६ गते | वडा नं २ चैत्र १७ गते
वडा नं ३ चैत्र १९ गते | वडा नं ४ चैत्र २० गते
वडा नं ५ चैत्र २१ गते | वडा नं ६ चैत्र २२ गते
वडा नं ७ चैत्र २३ गते ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-१०।११**

प्रस्ताव नं २०७९।०८०-१०।११ माथी छलफल गर्दा रूपा गाउँपालिकामा यसअघी निर्माण भएका व्यक्तिगत प्रयोजनका निजि घरहरु कायम गर्ने सम्बन्धमा वडा कार्यालयहरुमा सरोकारवालाहरुका विच निम्न मितिमा निम्नानुसारको वडाहरुमा छलफल गराउने गरी कार्यालयलाइ निर्देशन सहित र सो कार्यक्रममा गाउँपालिकाको तर्फबाट सहभागीहरुलाइ खाजाको प्रबन्ध गर्ने निर्णय गरियोः

निम्नः

वडा नं १ चैत्र १६ गते | वडा नं २ चैत्र १७ गते
वडा नं ३ चैत्र १९ गते | वडा नं ४ चैत्र २० गते
वडा नं ५ चैत्र २१ गते | वडा नं ६ चैत्र २२ गते
वडा नं ७ चैत्र २३ गते ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-१०।१२**

प्रस्ताव नं २०७९।०८०-१०।१२ माथी छलफल गर्दा आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेशको मिति २०७९/१२/०१ गते चलनी नम्बर ५०२ अनुसार आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि तल उल्लेखित योजनाहरु समपुरक र विशेष अनुदानको लागि योजनाहरु माग गर्ने निर्णय गरियो ।

समपूरक योजना

१. रामकोट रामदी मोटरबाटो रूपा ५ र ७ रूपा गाउँपालिका कास्की ।
२. वडा कार्यालय जोड्ने सडक वडा नं. १,४ रूपा गाउँपालिका कास्की ।

विशेष अनुदान



रूपा गाउँपालिका कास्की

१. रूपा गाउँपालिकाको फोहोर मैला व्यवस्थापन
२. रूपा गाउँपालिका मौरी प्रवर्द्धन कार्यक्रम
३. रूपा गाउँपालिकामा माछा प्रवर्द्धन कार्यक्रम

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-१०।१३</u>**

प्रस्ताव नं २०७९।०८०-१०।१३ माथी छलफल गर्दा निम्नानुसारको निर्णय सहित आजको बैठक समापन गर्नेः

निम्नः

क) रूपा ५ र पोखरा महानगरपालिका ३२ जोड्ने आपूखोला फेदी पुल, रूपा ३ र मध्येनेपाल लम्जुङ्ग जोड्ने पोल्याङ्ग पुल सहित रूपा रिङ्गरोड रूपा ३ र ४ को सडक खण्डको औपचारिक उद्घाटनमा भएको खर्च रू १ लाख भुक्तानी गर्ने।

मिति २०७९ चैत्र ७ गते बसेको १३० औ गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

रूपा गाउँपालिका